प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालय
**सामाजिक विकास कार्यालय**

पत्र संख्याः २०८१/०८२
सूचना नं. ०५

गण्डकी प्रदेश, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०४)

यस कार्यालयको आ.व. २०८१/८२ मा स्वीकृत तपशिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न लागिएकोले इच्छुक योग्य व्यक्ति एवं संस्थाहरुले **२०८१/०७/०८** गते भित्र कार्यालयले तोकेको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरि रितपुर्वकको कार्यक्रम प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि सामाजिक विकास कार्यालय स्याङ्जाको बेभसाइटः www.sdosyangja.gandaki.gov.np मा तथा Facebook Page सामाजिक विकास कार्यालय स्याङ्जा मा हेर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कार्यक्रम/ कियाकलाप | प्रस्ताव पेश गर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | द्वन्द्वपिडित, बेपत्ता, घाइते, अपागं, सहिद परिवार र विपन्न महिलाहरुको लागि उद्यम व्यवसायी तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम | सामाजिक विकास कार्यालय, स्याङ्जा। | १. गत आर्थिक वर्षमा मन्त्रालबाट अनुदान सहयोग नपाएका लक्षित वर्गले अनुसूचि-१२ बमोजिमको ढाँचामा भरिएको व्यवसायिक योजना सहितको क्लष्टर अनुसारको निवेदन,<br>२. लक्षित वर्गको परिचय खुल्ने कागज,<br>३.स्थानीय तह/वडाको सिफारिस सहित अन्य कागजातहरु,<br>४. संचालित संस्थाको बैठकको निर्णय प्रतिलिपि,<br>५. उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,<br>६ . स्थायी लेखा नम्बर वा मु.अ. कर दर्ताको प्रमाणपत्र,<br>७ आवश्यकतानुसार व्यवसायिक इजाजत-पत्र,<br>८.रोजगारी दिएको संख्या र रोजगार प्राप्त महिलाको संख्या खुल्ने विवरण,<br>९. उद्योग संचालन कार्यानुभव ।<br>**(नोटः एकाघर परिवारबाट एक जनालाई मात्र छनौट हुने । यस अन्तर्गत विउ पुँजी/प्रविधि हस्तान्तरणको लागि बढिमा प्रति व्यक्ति रु. एक लाख सम्म उपलब्ध गराउन सकिने।** |

थप जानकारीका लागिः सामाजिक विकास कार्यालयस्याङ्जाको ✆सम्पर्क नं. ९८५६०६१७२५, ९८५६०६१७२६ ,०६३-४२४०२५

(जीवन पौडेल)
**कार्यालय प्रमुख**

# अनुसूचि १२

## द्वन्द्व पीडित वेपत्ता घाइते अपाङ्ग सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनका लागि व्यावसायिक योजनाको नमूना

श्री सामाजिक विकास कार्यालय

.............

१. उद्यमी/व्यावसायीको नामथरः ठेगानाः सम्पर्क नं.

२. उद्योग/व्यावसाय संचालन गरेको स्थानः

३. उद्योग/व्यवसाय

क. नाम

ख. पृष्ठभूमि

ग. उद्योग/व्यावसायको दर्ता नं. र दर्ता मिति पान नं.

घ. व्यावसाय स्थापनाको उद्देश्य

ङ. शुरु लगानी (नगद तथा अन्य)

च. उद्योग/व्यावसायको प्रकृतिः (पशुजन्य/कृषिजन्य/जडिवुटी/लघु उद्यम/अन्य)

छ. हाल जनशक्तिको अवस्थाः महिला.....पुरुष....कुल .....जना

ज. उद्योग/व्यावसाय संचालनमा रहेको जग्गाको स्वामित्व/प्रमाण

झ. व्यावसायको हालको अववस्थाः

ञ. उत्पादन र बजारको अवस्था तथा सम्भावना

ट. व्यावसायः उत्पादनजन्य/प्रशोधनजन्य/बजारीकरण

ठ. आवश्यक कच्चा पदार्थ र संचालन सामग्री आपूर्तिको व्यवस्था

ड. कच्चा पदार्थको उपलब्धताः स्थानीयस्तरमा उपलब्ध/जिल्लाभित्र उपलब्ध/जिल्ला बाहिरबाट ल्याउनुपर्ने

ढ. भावी योजना अनुसार आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्तिः महिला र पुरुष संख्या खुलाउने

ण. जोखिम व्यवस्थापनको सोचः

त. माग/अपेक्षा गरेको सहयोगको क्षेत्रः

थ. व्यावसायमा प्रयोग हुने प्रविधि र अनुमानित लागत

द. लगानी विस्तारको योजना

ध. अन्य केही भए खुलाउने ।

<u>पेश गर्नेको</u>

नामथर

हस्ताक्षर

उद्योग/व्यावसायको छाप

## २.१.२७ द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | पटक | १ | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा बसोवास गर्ने द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजागरी प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजागरी प्रवर्द्धनमा सहयोग पुऱ्याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास कार्यालय |
| ४. वजेट बाँडफाँट | • कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च ।<br>• वीउ पुँजी/प्रविधि हस्तान्तरणको लागि प्रति व्यक्ति बढिमा रु.एक लाखसम्म। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • गत आर्थिक वर्षमा मन्त्रालयमा अनुदान सहयोग नपाएका लक्षित वर्ग (द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न) को अनुसूचि १२ बमोजिमको ढाँचामा व्यवसायिक योजना सहितको क्लष्टर अनुसारको निवेदन (लक्षित वर्गको परिचय खुल्ने कागज र स्थानीय तहको सिफारिस सहित अन्य कागजातहरु) माग ।<br>• कार्यालयमा समन्वयात्मक वैठक तथा छलफल<br>• अनुसूचि १३ बमोजिम मूल्याङ्कन र छनौटका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास कार्यालय प्रमुख — संयोजक<br>मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि- सदस्य<br>जिल्ला समन्वय समितिको प्रतिनिधि - सदस्य<br>कार्यालयको आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>• समितिबाट माग निवेदन मूल्याङ्कन, छनौट र सिफारिस ।<br>• एकाघर परिवारबाट एक जनालाई मात्र छनौट गर्ने ।<br>• कार्यक्रम सम्झौता र संचालन<br>• अनुगमन तथा मूल्याङ्कन<br>• प्रतिवेदन |

| | | |
|---|---|---|
| ६. | अपेक्षित प्रतिफल | • द्वन्द्व पीडित, वेपत्ता, घाइते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजागरी प्रवर्द्धनमूलक कार्यक्रमहरु संचालन भएको हुने । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपि<br>• सामाग्री खरिदको लागत अनुमान<br>• सम्वन्धित स्थानीय तह/वडाको सिफारिस<br>• कार्यक्रमसँग सम्बन्धित आवश्यक कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास कार्यालय तथा मन्त्रालय |

**२.१.२८ अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति/समुदायको आर्थिक सशक्तीकरण तथा सचेतना अभिवृद्धि कार्यक्रम (मुसलमान, दरै, कुमाल, बोटे, थारु, मुसहर, दुरा, छन्त्याल, बराम, चेपाङ लगायत)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | संख्या | १ | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्रका विभिन्न जिल्लामा वसोवास गर्ने थारु, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जाति (मुसलमान, दरै, कुमाल, बोटे, थारु, मुसहर, दुरा, छन्त्याल, बराम, चेपाङ लगायत) का समुदायको अवस्था विश्लेषण गरी उनीहरुको दैनिक जीवनयापनमा थप सहजता ल्याउनका लागि आवश्यकताका आधारमा आर्थिक सशक्तीकरण तथा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | मुसलमान, दरै, कुमाल, बोटे, थारु, मुसहर, दुरा, छन्त्याल, बराम, चेपाङ लगायत अल्पसंख्यक, सिमान्तकृत र लोपोन्मुख जातिका समुदायहरुको आर्थिक सशक्तीकरणका लागि सचेतीकरणमा टेवा पु-याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास कार्यालयहरु |
| ४. बजेट बाँडफाँट | ➢कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च ,<br>➢लक्षित समुदायको मागमा आधारित उद्यमशीलता सम्बन्धी सीप तथा प्रविधी हस्तान्तरण लगायतका क्रियाकलाप संचालन खर्च। |